# कक्षा ९ को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित
# विशिष्टीकरण तालिका

# सामाजिक अध्ययन

(पृष्ठपोषण प्रति)

Curriculum Development Centre

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विशिष्टीकरण तालिका
## सैद्धान्तिक मूल्याङ्कन

**विषय : सामाजिक अध्ययन** **कक्षा: ९**

**पूर्णाङ्क : ७५** **समय : ३ घण्टा**

| | | | अति छोटो | | | छोटो | | | लामो | | | एकाइगत अङ्क विभाजन | | | कुल अङ्कभार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | विषयक्षेत्र/एकाइ | कार्य घण्टा | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सीप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सीप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सीप | उच्च दक्षता | अति छोटो | छोटो | लामो | |
| १. | हामी र हाम्रो समाज | ८ | १ | | | | | १ | | | | १ | ४ | – | ५ |
| २. | विकासका पूर्वाधार | १० | | | १ | १ | | | | | | १ | ४ | – | ५ |
| ३. | हाम्रो परम्परा एवम् सामाजिक मूल्य र मान्यता | १४ | | | | | १ | १ | | | | – | ८ | – | ८ |
| ४. | सामाजिक समस्या र समाधान | १२ | १ | १ | | | | १ | | | | २ | ४ | – | ६ |
| ५. | नागरिक चेतना | १८ | | | | १ | | | | | १ | – | ४ | ७ | ११ |
| ६. | हाम्रो पृथ्वी | १८ | | | | १ | | | | १ | | – | ४ | ७ | ११ |
| ७. | हाम्रो विगत | १४ | १ | | १ | | | | १ | | | २ | – | ७ | ९ |
| ८. | हाम्रा आर्थिक क्रियाकलाप | १५ | १ | १ | | | | | | १ | | २ | – | ७ | ९ |
| ९. | हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ११ | १ | | १ | | १ | | | | | २ | ४ | – | ६ |
| १०. | जनसङ्ख्या परिचय र व्यवस्थापन | ८ | | १ | | १ | | | | | | १ | ४ | – | ५ |
| | **जम्मा** | **१२८** | **५** | **३** | **३** | ४ | २ | **३** | **१** | २ | **१** | **११** | **३६** | **२८** | **७५** |

Curriculum Development Centre

**प्रश्नका प्रकार**

| प्रश्नका प्रकार | सोधिने प्रश्न सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|
| अति सङ्क्षिप्त प्रश्न | ११ | ११ x १= ११ |
| छोटो उत्तर आउने प्रश्न | ९ | ९ x ४ = ३६ |
| लामो उत्तर आउने प्रश्न | ४ | ४ x ७= २८ |
| जम्मा | **२४** | **७५** |

**द्रष्टव्य:**

- उच्च दक्षतामा विश्लेषण, समालोचनात्मक चिन्तन, मूल्य र अभिवृत्तिसँग सम्बन्धित प्रश्नहरू सोध्न सकिने छ ।
- ज्ञान बोधबाट ३७ प्रतिशत, प्रयोग र सिर्जनशिलताबाट ३३ प्रतिशत र उच्च दक्षताबाट ३० प्रतिशत अङ्कभार रहने छन् ।
- हाम्रो पृथ्वी एकाइबाट सोधिने लामो उत्तर आउने प्रश्नमा वैकल्पिक प्रश्न सोधिने जसमा नेपालको नक्सा वा महादेशको नक्सा बनाएर भर्नुपर्ने छ ।
- हाम्रो आर्थिक क्रियाकलापबाट सोधिने लामो उत्तर आउने प्रश्न सिर्जनात्मक सिपसँग सम्बन्धित हुने छ ।

Curriculum Development Centre

## सामाजिक अध्ययन
## सैद्धान्तिक मूल्याङ्कन
## नमुना प्रश्नपत्र

कक्षा:९ पुर्णाङ्क: ७५

### समूह क

तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस । (११x१=११)

१. समाज वर्गीकरणका कुनै दुई आधार लेख्नुहोस् ।

२. तपाईंको समुदायमा रहेका परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण गर्न के गर्नुपर्ला, कुनै एक सुझाव प्रस्तुत गर्नुहोस् ?

३. सामाजिक समस्या समाधानमा स्थानीय युवा क्लबले खेल्न सक्ने कुनै दुई भूमिका उल्लेख गर्नुहोस् ?

४. साइबर अपराधविरुद्ध जनचेतना जगाउन एउटा नारा तयार पार्नुहोस् ।

५. नेपालमा राणा शासनको सुरुआतसँग सम्बन्धित पर्व कुन हो

६. ऐतिहासिक स्रोतको किन संरक्षण गर्नुपर्छ ? एक वाक्यमा लेख्नुहोस् ।

७. नेपालको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउन के गर्न सकिन्छ ?

८. तपाईंको स्थानीय क्षेत्रमा कुन आर्थिक क्रियाकलापको बढी सम्भावना छ, किन ?

९. नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता कहिले प्राप्त गर्‍यो

१०. मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध स्थापित गर्दा नेपाललाई के फाइदा भएको छ ?

११. आफ्नो ठाउँको जनसङ्ख्या व्यवस्थापनका लागि तपाईंले खेल्नसक्ने भूमिका लेख्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस ।** ९×४ = ३६

१२. सामाजिक नियमको पालनाले समाजमा शान्ति स्थापना भई समृद्धि पनि हासिल हुन्छ । कसरी ?आफ्ना तर्क चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

१३. स्थानीय ज्ञान, सिप र प्रविधिलाई संरक्षण गर्ने कुनै चार उपाय उल्लेख गर्नुहोस्

१४. तपाईले आफ्नो घर परिवारमा मानवमूल्य विकासका लागि के कस्ता अभ्यासहरू गर्नुभएको छ ? लेख्नुहोस् ।

१५. नेपालको संविधानले नेपाललाई धर्म निरपेक्ष राष्ट्रका रूपमा स्थापित गरेको छ, यसले धार्मिक सहिष्णुतालाई मजबुत बनाउन कसरी मदत गरेको छ ? चारओटा बुँदामा प्रष्ट पार्नुहोस् ।

१६) नेपालमा विद्यमान सामाजिक समस्या समाधानका लागि कार्यरत राष्ट्रिय सङ्घ संस्थाका कार्यलाई प्रभावकारी र नतिजामूलक बनाउन के के गर्नुपर्ला ? आफ्ना धारणा प्रस्तुत गर्नुहोस् ।

१७. संविधान भनेको के हो ? नेपालको वर्तमान संविधानका कुर्न तीनओटा विशेषता उल्लेख गर्नुहोस् ।

१८. मनसुनी वर्षाले नेपालमा पार्ने कुनै चार प्रभाव प्रस्तुत गर्नुहोस् ।

१९. विश्व शान्ति स्थापनामा नेपाली सेनाले गरेको योगदानलाई समेटी समाचारको एक नमुना तयार पार्नुहोस् ।

२०. नेपालको प्रदेशअनुसार जनसङ्ख्या वितरणसम्बन्धी निम्नलिखित तथ्याङ्कका आधारमा स्तम्भ चित्र तयार पार्नुहोस् ।

**नेपालमा प्रदेशअनुसार जनसङ्ख्या वितरण (प्रतिशत)**

Curriculum Development Centre

| क्र.सं. | प्रदेश | जनसङ्ख्या प्रतिशत |
|---|---|---|
| १. | प्रदेश न. १ | १७.०३ |
| २. | मधेस प्रदेश | २०.९९ |
| ३. | बागमती प्रदेश | २०.८४ |
| ४. | गण्डकी प्रदेश | ८.४९ |
| ५. | लुम्बिनी प्रदेश | १७.५५ |
| ६. | कर्णाली प्रदेश | ५.८१ |
| ७. | सुदुरपश्चिम प्रदेश | ९.२९ |

## समूह ग

तलका प्रश्नको लामो उत्तर दिनुहोस । ४x७ =२८

२१. जबसम्म नागरिकमा लोकतान्त्रिक आचरणको विकास हुँदैन तबसम्म लोकतन्त्रको विकास हुन सक्दैन । यस भनाइलाई पुष्टि गर्दै लोकतन्त्रको जगेर्ना गर्न नागरिकको भूमिका उल्लेख गर्नुहोस् । ४+३ =७

२२. सामान्य आकार प्रकार मिल्ने गरी नेपालको रेखाङ्कित नक्सा तयार पारेर उपयुक्त सङ्केतको प्रयोग गर्दै निम्नलिखित तथ्यहरू भर्नुहोस् । २ +५=७

तिलिचो ताल, कोसी करिडोर, बुद्धको जन्मस्थान, सैपाल हिमाल, जुट खेतीको क्षेत्र

अथवा

अफ्रिका महादेशको नक्सा कोरी उपयुक्त सङ्केत प्रयोग गर्दै निम्नलिखित तथ्य भर्नुहोस् ।

सहारा मरुभूमि, लाल सागर, नाइल नदी, किलिमञ्जारो पहाड, केपटाउन

२३. राणा शासन उदय हुनुका कुनै चार कारणको सङ्क्षिप्त व्याख्या गरी राणा शासन स्थापनापछि नेपालमा परेका कुनै तीन प्रभाव उल्लेख गर्नुहोस् । ४+३ =७

२४. नेपाल कृषि प्रधान देश भएर पनि खाद्यान्न आयात गर्नु पर्ने देश बनेको छ । यसका कुनै तीन कारण र नेपाललाई खाद्यान्नमा आत्म निर्भर बनाउने चार उपाय समेटेर दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

३+४ = ७

-०-

Curriculum Development Centre

**उत्तर कुञ्जिका**

१. समाज निर्माणका आधारका रूपमा भाषा, धर्म, बसोबास, समय, अर्थव्यवस्था, जीवन पद्धतिमध्ये कुनै दुई आधार लेखेमा ०.५ अङ्कका दरले – १ अङ्क

२. परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण गर्ने उपायमा आधुनिकीकरण गरेर, सङ्ग्राहलयमा सुरक्षित तरिकाले राखेर, जस्ता मिल्दाजुल्दा कुनै दुर्य बुँदा लेखमा – १ अङ्क

३. सामाजिक समस्या समाधानमा स्थानीय युवा क्लबको भूमिकामा अनुशासनमा रहनका लागि युवालाई उत्प्ररित गर्ने, जनचेतना फैलाउने, समस्याका पीडितलाई आवश्यक सहयोग गर्ने जस्ता मिल्दाजुल्दा कुनै दुई बुँदा लेखेमा प्रत्येक बुँदाको ०.५ अङ्कका दरले – १ अङ्क

४. साइबर नियम बुझेर मात्र प्रविधिको प्रयोग गरौँ, आधुनिक प्रविधिलाई वरदानका रूपमा प्रयोग गरौँ यस्तै कुनै नारालाई लेखेमा – १ अङ्क

५. नेपालमा राणा शासन सुरुआत भएको पर्वमा कोतपर्व लेखेमा – १ अङ्क

६. ऐतिहासिक स्रोतको संरक्षण गर्नुपर्नाको कारणमा आफ्ना अग्रजका सम्बन्धमा जानकारी हुने, ऐतिहासिक वस्तु तथा सम्पदाको संरक्षण गरी पर्यटन प्रवर्धन हुने कमीकमजोरीबाट पाठ सिकेर उज्ज्वल भविश्य बनाउनका लागि जस्तो मिल्दोजुल्दो कुनै १ बुँदा लेखमा – १ अङ्क

७. नेपालको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउनका लागि कृषिमा आधारित उद्योगमा जोड दिने, उद्योग स्थापना गर्न चाहने उद्यमीलाई राज्यले सहुलियत कर्जा उपलब्ध गराउने जस्ता मिल्दाजुल्दा कुनै दुई बुँदा लेखमा प्रत्येक बुँदाको ०.५ अङ्कका दरले  – १ अङ्क

८.स्थानीय क्षेत्रमा बढी सम्भावना भएको आर्थिक क्रियाकलापमा पर्यटन, कृषि, जडीबुटी, पशुपालन, उद्योग वा त्यस्तै कुनै मिल्दोजुल्दो १ आर्थिक क्रियाकलाप लेखमा – ०.५ अङ्क तथा त्यसको उपयुक्त कारणलाई १ बुँदामा लेखेमा ०.५ गरी जम्मा १ अङ्क

९.नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता सन् १९५५ डिसेम्बर १४ मा प्राप्त गऱ्यो लेखेमा– १ अङ्क

१०. मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरुसँग सम्बन्ध स्थापित गर्दा नेपाललाई पुग्ने फाइदामा आर्थिक तथा प्राविधिक सहयोग पाउने, ज्ञान तथा सिपको आदानप्रदान गर्ने मौका मिल्ने जस्ता कुनै दुई फाइदा लेखेमा प्रत्येकको ०.५ का दरले – १ अङ्क

११. आफ्नो ठाउँको जनसङ्ख्या व्यवस्थापनका लागि आफूले खेल्नसक्ने भूमिकाका रूपमा युवायुवतीलाई उपयुक्त उमेरमा विवाह गर्न सल्लाह दिने, दम्पत्तिलाई गर्भ निरोधका साधनको प्रयोग गर्न सल्लाह दिने वा मिल्दाजुल्दा कुनै दुई भूमिका लेखेमा प्रत्येकको ०.५ का दरले  – १ अङ्क

१२) चार तर्कहरु जस्तै :

- समाजका मानिसबिच आपसी सम्बन्ध मजबुत भई सहयोग र सहकार्य सघन हुने
- समाजको बिकासका निम्ति सदस्यबिच मतैक्यता हुने
- विकासका कार्यमा सहभागिता वृद्धि हुने
- भ्रष्टाचारलगायतका अनियमितता समाजमा नहुने वा नियन्त्रणमा रहने

वा यस्तै मिल्ने प्रत्येक बुँदालाई १ अङ्कका दरले जम्मा ४ अङ्क

१३. स्थानीय ज्ञान, सिप र प्रविधिलाई संरक्षण गर्ने उपायहरू

- स्थानीय ज्ञान, सिप र प्रविधिलाई दैनिक जीवनमा निरन्तर प्रयोग गर्ने तथा प्रयोगका लागि उत्प्रेरित गराउने
- स्थानीय स्तरमा ज्ञान, सिप तथा प्रविधि सम्बन्धि बिबिध प्रतियोगितात्मक कार्यक्रमको आयोजना गर्ने
- स्थानीय प्रविधिको विकासमा महत्त्वपूर्ण योगदान दिने व्यक्तिलाई कदरस्वरूप पुरस्कार र सम्मानको व्यवस्था गर्ने
- स्थानीय सिप र प्रविधिसम्बन्धी स्थानीय तह तथा जिल्ला स्तरमा सङ्ग्राहलयको स्थापना गर्ने

Curriculum Development Centre

- विद्यालय तहमा सिकाइ सहजीकरण हुने स्थानीय पाठ्यक्रममा यी विषयवस्तुलाई महत्त्वका साथ समावेश गर्ने

यी र यस्तै मिल्ने प्रत्येक बुँदालाई १ अङ्कका दरले जम्मा ४ अङ्क

१४. आनो घर परिवारमा मानव मूल्य विकासका लागि गरेका अभ्यास

- परिवारका सदस्यलाई घरायसी काममा सहयोग र सम्मान गरेको
- पारिवारीक मूल्य मान्यता र संस्कारको शिरोधार्य एवम् पालना गरेको
- आफूले सदाचार र नैतिक आचरणलाई पूर्ण पालना गरेको तथा साना भाइबहिनीलाई पनि सोअनुरूपका आचरण विकास गर्न मार्गदर्शन गरेको
- छिमेकी एवम् घरमा आएका पाहुनालाई आदर, सत्कार र सम्मान गरेको

यी र यस्तै मिल्ने प्रत्येक बुँदालाई १ अङ्कका दरले जम्मा ४ अङ्क

१५. नेपाललाई धर्म निरपेक्ष राष्ट्रका रूपमा स्थापित गरेको कारण नेपालमा धार्मिक सहिष्णुता मजबुत बनाउन सहयोग पुगेको छ, किनकि :

- धार्मिक विभेदलाई निरुत्साहित गर्दै सबै धर्मलाई समान सम्मान दिएको
- धार्मिक स्वतन्त्रताको प्रत्याभूत गरेको
- हरेक धार्मिक सम्प्रदायका चाडपर्वमा सरकारले समान महत्त्व दिई सार्वजनिक बिदा दिने गरेको
- सङ्ख्या धेरै भएको आधारमा व्यक्त हुने कतिपय धार्मिक अहमतालाई खारेज गरी नेपालमा प्रचलित सबै धर्मलाई समानता प्रदान गरेको
- सबै धर्मका आस्थाको अपनत्व सिर्जना गरेको

यी र यस्तै मिल्ने प्रत्येक बुँदालाई १ अङ्कका दरले जम्मा ४ अङ्क

१६. नेपालमा विद्यमान सामाजिक समस्या समाधानका लागि कार्यरत राष्ट्रिय सङ्घ संस्थाका कार्यलाई प्रभावकारी र नतिजामूलक बनाउन बनाउन निम्नलिखित कार्य गर्नुपर्दछ :-

- सामाजिक संस्थाले सञ्चालन गर्ने कार्यक्रमलाई लक्षित समुदायसम्म पुऱ्याउनुपर्छ ।
- उक्त संस्थाले सञ्चालन गर्ने गतिविधिमा व्यापक रूपमा जनसहभागिता वृद्धि गर्नुपर्छ ।
- उक्त संस्थाले गर्ने गतिविधिलाई पारदर्शी बनाउनुपर्छ ।
- स्थानीय स्तरको आवश्यकतामा आधारित रहेर कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- सञ्चालित कार्यक्रममा हुने अनियमितता र चुहावटलाई नियन्त्रण गर्न नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्छ ।

यी र यस्तै बुँदा लेखेम प्रत्येक बुँदाको १ अङ्कको दरले ४ अङ्कदिने ।

१७) संविधान देशको मूल कानुन हो । देशको राज्य सञ्चालन प्रक्रिया कस्तो हुने र कुन ढङ्गबाट शासन सञ्चालन गर्ने विषय समेटिएको दस्तावेज नै संविधान हो वि. सं. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानका विशेषता निम्नानुसार छन्

- सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको मूल संरचना
- दुई सदनात्मक संघीय संसद र एक सदनात्मक प्रदेश सभा
- तीन तहको न्यायपालिका (सर्वोच्च, उच्च र जिल्ला अदालत)

Curriculum Development Centre

- नागरिकको कर्तव्य उल्लेख भएको
- सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित

संविधानको परिचय दिएमा १ अङ्क यी र यस्तै विशेषता लेखेमा प्रत्येक बुँदाको १ अङ्कका दरले ३ अङ्क दिने ।

१८. मनसुनी वर्षाले नेपालमा पार्ने कुनै चार प्रभाव

- सिचाँइका लागि सहयोग पुऱ्याउँछ ।
- पानीका स्रोतहरू वृद्धि गर्ने काम गर्दछ ।
- वनस्पति तथा जीवजन्तुका लागि पर्याप्त पानी उपलब्ध गराउँछ
- मनसुनी वर्षाका कारणले हिमाली तथा पहाडी क्षेत्रमाा ठुलो बाढी, पहिराको समस्या देखापर्छ
- तराई क्षेत्रमा डुबानको समस्या देखापर्छ
- विकासका पूर्वाधार नष्ट हुने गर्छ
- धनजनको ठुलो क्षति हुने गर्दछ ।

यी र यस्तै कुनै चार प्रभाव लेखेमा प्रत्येक बुँदाको १ अङ्कको दरले ४ अङ्क दिने ।

१९. विश्व शान्ति स्थापनामा नेपाली सेनाले गरेको योगदानलाई समेटिएको समाचारको एक नमुना

विश्व शान्ति स्थापनामा नेपाली सेनाको गरेको योगदान

गोरखापत्र, संवाददाता

काठमाडौँ, मङ्सिर ७

नेपाली सेना दिवसको अवसरमा जङ्गी अड्डा काठमाडौँमा आयोजित कार्यक्रममा बोल्ने वक्ताहरूले नेपाली सेनाले विश्व शान्ति स्थापनामा खेलेको भूमिकाको बारेमा चर्चा गरेका थिए । नेपालले सन् १९५८ मा पहिलो पटक शान्ति सेनामा पर्यवेक्षकका रूपमा सहभागिता जनाएको थियो । विश्व शान्ति स्थापनाका लागि सन् १९७८ मा लेवनानको शान्ति मिसनमा सहभागी भएदेखि हालसम्म सुडान, हाइटी, कम्बोडियालगायतका देशमा राष्ट्रसङ्घीय शान्ति मिसनमा कार्यरत रहेको छ । राष्ट्रिय सेनालाई विभिन्न किसिमका तालिमहरू दिदै आएको छ ।औषधी तथा खाद्य सामग्री पीडित पक्षसम्म पुऱ्याउन सहयोग गर्दै आएको छ । भुँइमुनि ओछ्याइएका नरसंहारकारी जोखिमपूर्ण बारुद सफा गर्ने कार्य गर्दै आएको छ । शान्ति प्रक्रियालाई निरन्तरता दिन सहयोग गर्दै आएको छ । स्थानीय निर्वाचनको निरीक्षण गर्ने गर्दछ । सुरक्षा परिषद्ले तोकेको सबै किसिमको कार्य गर्दै आएको छ भन्दै हालसम्म नेपाली शान्ति सेनाले गरेका कार्यसमेत समीक्षा गरेका थिए ।

यी र यस्तै विवरण राखी समाचारको नमुना बनाएमा ४ अङ्क दिने ।

२०. नेपालका प्रदेशअनुसार नेपालको जनसङ्ख्या वितरणसम्बन्धी तथ्याङ्कका आधारमा स्तम्भ चित्र निर्माण गरि उपयुक्त सङ्केतसहित देखाएमा ४ अङ्क दिने

## समूह ग

२१.जबसम्म नागरिकमा लोकतान्त्रिक आचरणको विकास हुँदैन तबसम्म लोकतन्त्रको विकास हुन सक्दैन भन्ने भनाइलाई तलका जस्तै मिल्ने कम्तीमा चार बुँदामा सङ्क्षिप्त व्याख्यासहित पुष्टि गरेमा ४ अङ्क

- नगरिकमा लोकतान्त्रिक आचरणको विकास नभएमा द्वन्द्व र तनावको स्थिति सिर्जना हुन सक्छ ।
- राजनीतिक अस्थिरता हुन सक्छ ।



Curriculum Development Centre


- भ्रष्टाचार बढ्न सक्छ ।
- देशको विकासमा हुन सक्दैन ।

लोकतन्त्रको जगेर्ना गर्न नागरिकले खेल्नु पर्ने भूमिकासम्बन्धी तलका जस्तै मिल्ने कम्तीमा तीन बुँदामा व्याख्या गरेमा ३ अङ्क दिने ।

- आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको पनि ख्याल गर्नुपर्छ
- बहुमतको कदर गर्ने र सबैको विचारको सम्मान गर्नुपर्छ
- कानुनको पालना गर्नुपर्छ

जम्मा ७ अङ्क

२२. नेपालको सामान्य आकारप्रकार मिल्ने गरी नक्सा कोरेको दुई अङ्क र सङ्केतको प्रयोग गरेर मिल्ने गरी एक तथ्य भरेको एक अङ्कका दरले पाँच अङ्क गरी जम्मा ७ अङ्क दिने । हातले बनाएको स्वतन्त्र नक्सा भएकाले स्केल राख्नु आवश्यक छैन ।




अथवा

आफ्रिकाको सामान्य आकारप्रकार मिल्ने गरी नक्सा कोरेको दुई अङ्क र सङ्केतको प्रयोग गरेर मिल्ने गरी एक तथ्य भरेको एक अङ्कका दरले पाँच अङ्क गरी जम्मा ७ अङ्क दिने । हातले बनाएको स्वतन्त्र नक्सा भएकाले स्केल राख्नु आवश्यक छैन ।

-०-

Curriculum Development Centre